नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

बबरमहल, काठमाण्डौं

**प.सं. :-** ०८०/८१
**च.नं. :-** २०७७

**मिति :-** वि.सं. २०८१/०३/०२

विषय: प्रेस विज्ञप्ति

जल तथा मौसम विज्ञान विभागले वि.सं.२०७३ साल देखि हाल सम्म मोबाइल सेवा प्रदायकहरू नेपाल टेलिकम (NTC) र NCELL AXIATA सँग छुट्टा छुट्टै द्विपक्षीय समझदारी गरी नदीतटीय क्षेत्रमा बसोवास गर्ने र बाढीको जोखिममा रहेका आम नागरिकहरूलाई मोबाइल SMS मार्फत बाढीको पूर्वसूचना निःशुल्क रूपमा उपलब्ध गराउँदै आइरहेकोले पछिल्ला वर्षहरूमा बाढीबाट हुने मानवीय क्षति उल्लेख्य रूपमा न्यूनीकरण हुँदै गइरहेको छ।

यसै सन्दर्भमा नेपाल टेलिकम सँगको साविकको समझदारीपत्रको समयावधि मिति २०८१।०३।०३ सम्म रहेकोमा जल तथा मौसम जन्य बहुप्रकोप (Multi-hazard) सम्बन्धी पूर्वसूचना SMS बाट जोखिमयुक्त क्षेत्रमा रहेका आम नागरिकले सहजरुपमा प्राप्त गर्ने गरी यस सेवालाई थप प्रभावकारी बनाउन मिति २०८१।०२।३१ गते विभागका तर्फबाट महानिर्देशक डा. जगदिश्वर कर्माचार्य र नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले दुई वर्ष समयावधिको "**बहुप्रकोप (Multi-hazard) सम्बन्धी पूर्वसूचनाको निःशुल्क SMS पठाउने समझदारीपत्रमा**" हस्ताक्षर गर्नुभएको छ।

वि.सं.२०७३ साल देखि हाल सम्म सहकार्य गरी पूर्वसूचनाको SMS निःशुल्क सम्प्रेषण गरी मानवीय क्षति न्यूनीकरणमा उल्लेखनीय सहयोग गर्नुहुने NTC र NCELL AXIATA विशेष धन्यवादको पात्र हुनुहुन्छ भने यसको लागि समन्वय, सहयोग र पैरवी गर्नुहुने सरकारी तथा गैरसरकारी निकायहरू, आम सञ्चार माध्यम, नागरिक समाज लगायत सबैमा विभाग हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा थप सहयोग तथा सहकार्यको अपेक्षा गर्दछ।

यस वर्षको मनसुन प्रणाली नेपालको पूर्वी भू-भागबाट प्रवेश गरिसकेको र यस अवधिमा जल तथा मौसम जन्यविपद्हरूको जोखिम औसत भन्दा बढी हुन सक्ने आकलन गरिएकाले यस विभागबाट ११५५ मार्फत जारीहुने पूर्वसूचनाहरूको SMS तथा विभागको वेबसाइट, सामाजिक संजाल लगायतका माध्यमबाट जारी हुने पूर्वानुमान तथा पूर्वसूचनाहरू बारे अद्यावधिक रहन हुन तथा आसपास जोखिम युक्त क्षेत्रमा रहनु हुनेहरूलाई समेत सूचित गराउन हुन विभाग हार्दिक अपिल गर्दछ।

प्रवक्ता

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sunil Pokharel
sunilpokharel2014@gmail.com

(सुनिल पोखरेल)
सिनियर डिभिजनल हाइड्रोलोजिष्ट